मिति : २०७४।११।२९

समय : दिनको २.०० वजे ।

स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालयको वैठक कक्ष ।

बैठक: धनकुटा नगरपालिकाको एघाह्रौ बैठक ।

अध्यक्षता : श्री चिन्तन तामाङ्ग

उपस्थित

१. उपप्रमुख श्री शकुन्तला वस्नेत
२. वडा अध्यक्ष श्री निरेन तामाङ्ग
३. वडा अध्यक्ष श्री चन्द्रलाल तामाङ्ग
४. वडा अध्यक्ष श्री बिकाश घिमिरे
५. वडा अध्यक्ष श्री जम्सेर राई
६. वडा अध्यक्ष श्री धनकुमार राई (आठपहरीया)
७. वडा अध्यक्ष श्री नरेश श्रेष्ठ
८. वडा अध्यक्ष श्री जंग वहादुर राई
९. वडा अध्यक्ष श्री सुमन राई
१०. वडा अध्यक्ष श्री मनोज राया
११. वडा अध्यक्ष श्री कमल वहादुर कार्की
१२. कार्यपालिका सदस्य श्री जाहानश्वरी राई
१३. कार्यपालिका सदस्य श्री कल्पना राई
१४. कार्यपालिका सदस्य श्री रमा वराल अनुपस्थित
१५. कार्यपालिका सदस्य श्री सुलोचना वसेल
१६. कार्यपालिका सदस्य श्री कल्पना थापा अनुपस्थित
१७. कार्यपालिका सदस्य श्री मदन वसेल
१८. कार्यपालिका सदस्य श्री सुर्य वहादुर राई (आठपहरीया) अनुपस्थित
१९. कार्यपालिका सदस्य श्री सर्मिता राई
२०. प्रमुख प्रशासकीय अधिकृत श्री टीकादत्त राई

बैठकको निर्णयहरु :

१.आधारभुत तथा माध्यमीक शिक्षा संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७४ (मस्यौदा) स्वकृती सम्वन्धमा ।

२ विविध ।

निर्णय नं.१.(एक)
मस्यौदाको विद्यालय व्यवस्थापन समिति गठन सम्वन्धमा भएको व्यवस्थामा देहाय अनुसार गरी आधारभुत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७४ (परिच्छेद १३, अनुसुचि ६ भएको) स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

१३(१) (क) सम्वन्धित वडा समितिका सदस्यहरु मध्येवाट वडा समितिले सिफारिस गरेको वडा समितिको सदस्य वा वडा समितिको सिफारिसमा नगर प्रमुखले तोकेको व्यक्ति –अध्यक्ष । तर उपरोक्त अनुसार अध्यक्ष नियुक्त हुन नसकेमा शिक्षा समितिले तोकेको व्यक्तिलाई नगर प्रमुखले अध्यक्ष तोक्ने छ ।

निर्णय नं.२ (दुई)
फोहोरमैलाको टयाक्टर चालक वृष वहादुर राईले एपेन्डीक्सको उपचारार्थ सहयोग पाउन मिति २०७४।११।२९ मा निवेदन दिए अनुसार निजलाई उपचार खर्च वापत रु ३०,०००। (तिसहजार मात्र) आर्थीक सहयोग दिने निर्णय गरियो ।

निर्णय न.३ (तीन)
धनकुटा नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र अवलोकन भ्रमण गर्न आउने सरकारी तथा गैरसरकारी संस्थाका भ्रमण टोलिलाई प्रवेश शूल्क बापत रु.३०००। (तीन हजार) मात्र लिने र फोहोरमैला व्यस्थापन सम्बन्धमा काम लिएकोले हालसम्म सम्पन्न गरेको कार्यको सम्बन्धमा कार्यालयको तर्फबाट प्रस्तुतीकरण गर्नु परेमा थप रु. २०००। (दुईहजार ) मात्र लिने र प्रस्तुतीकरण वापतको शुल्कको ५०% रकम सम्बन्धित कर्मचारी (प्रस्तुतीकरण गर्ने) लाई दिने निर्णय गरियो । संस्थागत विद्यालयको हकमा रु.१०००। (एक हजार ) मात्र लिने निर्णय गरियो ।

आजको बैठक समाप्त गरियो ।